मिति : २०८०/११/ ३० गते (बुधबार)        स्थान : पोखरा म.न.पा.को सभाकक्ष

बैठक संख्या : २७                                  समय : दिनको : २ : ३० बजे,

पोखरा महानगरपालिकाका नगर प्रमुख श्री धनराज आचार्यज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको वैठक पोखरा पोखरा महानगरपालिका कार्यालयको सभाकक्षमा तपसिलको बमोजिमा उपस्थितिमा बसि देहायनुसारको निर्णय गरियो।

उपस्थिति :

| सि.नं. | पद | वडा नं. | नामथर | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | प्रमुख | श्री धनराज आचार्य | |
| २ | उपाध्यक्ष | उप-प्रमुख | श्री मञ्जुदेवी गुरुङ्ग | |
| ३ | सचिव | प्र.प्र.अ. | श्री श्याम कृष्ण थापा | |
| ४ | सदस्य | वडा अध्यक्ष वडा नं. १ | श्री शाहारा प्रधान | |
| ५ | सदस्य | वडा अध्यक्ष वडा नं. २ | श्री दिवशमान प्रधानाङ्ग | |
| ६ | सदस्य | वडा अध्यक्ष वडा नं. ३ | श्री प्रकाशमान उदास | |
| ७ | सदस्य | वडा अध्यक्ष वडा नं.४ | श्री देवकृष्ण पराजुली | |
| ८ | सदस्य | वडा अध्यक्ष वडा नं. ५ | श्री विष्णु प्रसाद बराल | |
| ९ | सदस्य | वडा अध्यक्ष वडा नं. ६ | श्री विष्णु बहादुर भट्टराई | |
| १० | सदस्य | वडा अध्यक्ष वडा नं. ७ | श्री राममोहन आचार्य | |
| ११ | सदस्य | वडा अध्यक्ष वडा नं. ८ | श्री रुद्रनाथ बराल | |
| १२ | सदस्य | वडा अध्यक्ष वडा नं. ९ | श्री दिपेन्द्र मर्सानी | |
| १३ | सदस्य | वडा अध्यक्ष वडा नं. १० | श्री राजेश गुरुङ्ग | |

| | | | | |
|---|---|---|---|---|
| १४ | सदस्य | वडा अध्यक्ष वडा नं. ११ | श्री प्रेम प्रसाद कर्माचार्य | |
| १५ | सदस्य | वडा अध्यक्ष वडा नं. १२ | श्री सन्तोष बाँस्तोला | |
| १६ | सदस्य | वडा अध्यक्ष वडा नं. १३ | श्री किरण बराल | |
| १७ | सदस्य | वडा अध्यक्ष वडा नं. १४ | श्री बोध बहादुर कार्की | |
| १८ | सदस्य | वडा अध्यक्ष वडा नं. १५ | श्री तोरण बहादुर बाँनिया | |
| १९ | सदस्य | वडा अध्यक्ष वडा नं. १६ | श्री अमृत शर्मा तिमिल्सीना | |
| २० | सदस्य | वडा अध्यक्ष वडा नं. १७ | श्री राधिका कुमारी शाही | |
| २१ | सदस्य | वडा अध्यक्ष वडा नं. १८ | श्री शिव प्रसाद तिमिल्सीना | |
| २२ | सदस्य | वडा अध्यक्ष वडा नं. १९ | श्री पुष्पेन्द्र पाण्डे | |
| २३ | सदस्य | वडा अध्यक्ष वडा नं. २० | श्री गंगा बहादुर खत्री | |
| २४ | सदस्य | वडा अध्यक्ष वडा नं. २१ | श्री ~~दिपक प्रसाद सुबेदी~~ बिमला केसी | |
| २५ | सदस्य | वडा अध्यक्ष वडा नं. २२ | श्री हिमलाल बराल | |
| २६ | सदस्य | वडा अध्यक्ष वडा नं. २३ | श्री रामकाजी गुरुङ्ग | |
| २७ | सदस्य | वडा अध्यक्ष वडा नं. २४ | श्री भरत बहादुर अधिकारी | |
| २८ | सदस्य | वडा अध्यक्ष वडा नं. २५ | श्री मोतिलाल तिमिल्सीना | |
| २९ | सदस्य | वडा अध्यक्ष वडा नं. २६ | श्री नरेन्द्र थापा (नरेन) | |
| ३० | सदस्य | वडा अध्यक्ष वडा नं. २७ | श्री पूर्णकुमार गुरुङ्ग | |

| | | | | |
|---|---|---|---|---|
| ३१ | सदस्य | वडा अध्यक्ष वडा नं. २८ | श्री श्रीकृष्ण लामिछाने | |
| ३२ | सदस्य | वडा अध्यक्ष वडा नं. २९ | श्री श्रीप्रसाद गुरुङ्ग | |
| ३३ | सदस्य | वडा अध्यक्ष वडा नं. ३० | श्री दुर्गा प्रसाद सुवेदी | |
| ३४ | सदस्य | वडा अध्यक्ष वडा नं. ३१ | श्री ढकनाथ कडेल | |
| ३५ | सदस्य | वडा अध्यक्ष वडा नं. ३२ | श्री अक्कल बहादुर कार्की | |
| ३६ | सदस्य | वडा अध्यक्ष वडा नं. ३३ | श्री रामचन्द्र अधिकारी | |
| ३७ | सदस्य | कार्यपालिका सदस्य | श्री दिपक घिमिरे | |
| ३८ | सदस्य | कार्यपालिका सदस्य | श्री हरिमाया विश्वकर्मा | |
| ३९ | सदस्य | कार्यपालिका सदस्य | श्री गोबिन्द तुलाचन | |
| ४० | सदस्य | कार्यपालिका सदस्य | श्री मन्दिरा परियार | |
| ४१ | सदस्य | कार्यपालिका सदस्य | श्री धन कुमारी पोखेल | |
| ४२ | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मल दियाली | |
| ४३ | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मला पौडेल | |
| ४४ | सदस्य | कार्यपालिका सदस्य | श्री भिम कुमारी पुन गर्बुजा | |
| | कार्यपालिका सचिवालय | | | |
| ४५ | | प्रशासन महाशाखा प्रमुख | श्री कृष्ण प्रसाद तिवारी | |
| ४६ | | सूचना प्रविधि अधिकृत | श्री अशोक ढ्वारे | |

पोखरा महानगरपालिका

न्यूरोड, पोखरा

## २७ औं कार्यपालिका बैठक (२०८०/११/३०) का निर्णयहरु

**निर्णय नं. १ :** पोखरा महानगरपालिकाको नगर कार्यपालिका बैठक नं. २६ बाट भएका निर्णयहरु सम्बन्धमा छलफल भयो ।

**निर्णय नं. २ :** स्थानीय तह निर्वाचन २०७९ बाट जनप्रतिनिधि निर्वाचित भएपछि बसेको नगरकार्यपालिकाको पहिलो बैठकबाट पोखरालाई नेपालको पर्यटकीय राजधानी घोषणा गर्ने सम्बन्धमा निर्णय भएको एवं छिमेकी पालिकाहरुबाट र प्रदेश सरकारबाट समेत यस सम्बन्धी निर्णय गरी यहि मिति २०८०/१२/०४ गते सम्माननीय प्रधानमन्त्रीबाट **पोखरालाई नेपालको पर्यटन राजधानी घोषणा** गर्ने कार्यक्रम आयोजना गरिने भएकोले सो कार्यक्रमलाई सफल बनाउन वडाध्यक्षहरु, कार्यपालिका सदस्यहरु, महाशाखा/शाखा प्रमुखहरुको कार्यविभाजन सहित आ-आफ्नो क्षेत्रमा तोकिएको जिम्मेवारी पूरा गर्न तत्परतापूर्वक सहयोग गर्ने ।

**कार्यविभाजन तपसिल बमोजिम रहेको छ -**

| क्र.स. | नामथर | वडा | पद | कार्यविभाजन |
|---|---|---|---|---|
| १ | श्री प्रकाशमान उदासज्यू | पो.म.न.पा.- ०३ | वडा अध्यक्ष | खेलकुद ड्रेसमा खेलाडीलाई उपस्थिति गराउने। |
| २ | श्री विष्णु प्रसाद बरालज्यू | पो.म.न.पा.- ०५ | वडा अध्यक्ष | साउन्ड सिस्टम तथा मञ्च व्यवस्थापन। |
| ३ | श्री विष्णु बहादुर भट्टराईज्यू | पो.म.न.पा.- ०६ | वडा अध्यक्ष | |
| ४ | श्री राममोहन आचार्यज्यू | पो.म.न.पा.- ०७ | वडा अध्यक्ष | |
| ५ | श्री रुद्रनाथ बरालज्यू | पो.म.न.पा.- ०८ | वडा अध्यक्ष | |
| ६ | श्री किरण बरालज्यू | पो.म.न.पा.- १३ | वडा अध्यक्ष | कलाकार व्यवस्थापन। |
| ७ | श्री तोरण बहादुर बानियाँज्यू | पो.म.न.पा.- १५ | वडा अध्यक्ष | खेलकुद ड्रेसमा खेलाडीलाई उपस्थिति गराउने। |
| ८ | श्री अमृत प्रसाद तिमिल्सिनाज्यू | पो.म.न.पा.- १६ | वडा अध्यक्ष | सवारी साधन व्यवस्थापन। |
| ९ | श्री मोतिलाल तिम्सिनाज्यू | पो.म.न.पा.- २५ | वडा अध्यक्ष | प्रचार -प्रसार तथा समन्वय। |
| १० | श्री कार्यपालिका सदस्यज्यू सबै | | मिति २०८० चैत्र ०२ विहान ११ बजे ड्रेसकोड सहित विदेशी पाहुना, प्रमुख राष्ट्रिय पत्रिकाका प्रधान सम्पादकज्यूहरुको स्वागतको लागि नयाँ एयरपोर्टमा उपस्थिति। | |
| ११ | श्री हेम प्रसाद आचार्यज्यू | स्वास्थ्य/शिक्षा महाशाखा प्रमुख | स्वास्थ्य कर्मचारी तथा हेल्थ डेस्क व्यवस्थापन तथा कक्षा-११ का विद्यार्थीहरुको उपस्थिति व्यवस्थापन। | |
| १२ | श्री सबै महाशाखा/शाखा प्रमुखज्यू | | मातहतका सबै कर्मचारीहरुलाई उपस्थित गराईदिनुहुन। | |

**निर्णय नं. ३** : पोखरा महानगरपालिका वडा नं. ३२ मा रहेको लामेआहाल स्थित अस्थायी ल्याण्डफिल साईटमा फोहोरमैला विसर्जन गर्दा दुर्गन्ध फैलिएका कारण तत्काल माटोले पुर्नुपर्ने अवस्थामा उपभोक्ता समिति गठन गरी माटो ढुवानी कार्य गर्न नगर प्रमुखज्यूको मौखिक निर्देशनमा काममा लगाईएकोमा उपभोक्ता समितिले असार मसान्तभित्रै कार्यसम्पन्न गरेतापनि समयमा विल भर्पाई पेश हुन नआएको कारण उक्त रकम भुक्तानी बाँकीको अभिलेखमा प्रमाणित नभएकाले हालसम्म पनि भुक्तानी नभएको हुँदा प्राविधिकबाट पेश भएको कार्य सम्पन्न प्रतिवेदन समेतको आधारमा जनसहभागिता रकम छुट दिई रु.३५,१६,८०७/०२ चालु आ.व.को वन तथा वातावरण उपभोक्ता समिति भुक्तानी बाँकी शिर्षक पूर्वाधार खर्चकेन्द्र तर्फबाट भुक्तानी दिन निर्देशन दिने ।

**निर्णय नं. ४** : महानगरबाट नदीजन्य सामग्री (ढुंगा गिट्टी वालुवा) बिक्रीका लागि तपसिल बमोजिमका घाटहरुमा पटक पटक वोलपत्र आव्हान गरी लागि आय ठेक्का बन्दोबस्त गर्दा समेत वोलपत्रदाताहरुबाट प्रस्ताव पेश हुन नआएकोले श्रमिकबाट उत्खनन् गरी घाटगद्दी गरिएको नदीजन्य सामग्रीका सम्बन्धमा प्राविधिकहरुबाट स्थलगत नापजाँच निरीक्षणबाट एकिन गरिएको तपशिलमा उल्लिखित परिमाण पोखरा महानगरपालिका आय ठेक्का बन्दोवस्ती नियमावलि, २०७७ बमोजिम सार्वजनिक डाँक बढाबढको प्रक्रियाबाट बिक्री गर्न आवश्यक कारबाही अघि बढाउने ।

<u>तपशिल</u>

| क्र.सं | घाटको नाम | घाटगद्धी परिमाण | प्रति घनमिटर मूल्य | न्यूनतम कवोल अङ्क | कैफियत |
|---|---|---|---|---|---|
| १ | तुलसीतारा घाट | ३५२० | ८२० | २८,८६,४००.०० | |
| २ | रुद्रमहादेव घाट | ५४९८ | ८२० | ४५,०८,३६०.०० | |
| ३ | माथिल्लो गोस्ते लामाचौर | २०८३ | ८२० | १७,०८,०६०.०० | |
| ४ | तल्लो गोस्ते | ४६७९ | ८२० | ३८,३६,७८०.०० | |
| ५ | गजरे घाट | ११९३९ | ८२० | ९७,८९,९८०.०० | |
| ६ | ढाव घाट | ५४५४ | ८२० | ४४,७२,२८०.०० | |
| ७ | पुरुन्चौर ढोडेनी घाट | २६२ | ८२० | २,१४,८४०.०० | |

**निर्णय नं. ५** : नेपाल सरकारको निर्धारित कार्यक्रम र यस महानगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम सहित वार्षिक वजेटमा समेत समावेश भएको पूर्णखोप निरन्तरता तथा दीगोपना कार्यक्रम अन्तर्गत यस महानगरपालिका भित्रका २३ महिनासम्मका वालवालिकालाई नियमित खोप लगाउन स्वास्थ्य कर्मीहरुद्वारा घर घर मै गई खोजि गर्ने र खोप लगाउन छुट वच्चा पाइएमा यहि चैत्र महिना भित्र खोप सेसन सञ्चालन गरी खोप लगाउने र विगतका वर्षहरुमा झैं यस वर्ष पनि वडा स्तरबाटै पूर्णखोप निरन्तरता तथा दीगोपनाका कार्यक्रम सञ्चालन गरी वैशाख महिनालाई खोप महिनाको रुपमा मनाउने गरी तयारी गर्न तथा वडा तहवाट सो कार्यक्रममा आम जनता, नागरिक समाज, टोल विकास संस्था, स्थानीय युवा क्लब, आमासमूह लगायत सरोकारवाला सबैको सक्रिय सहभागिताको लागि अनुरोध गर्दै घरधुरी सर्भेक्षणमा आउने स्वास्थ्यकर्मीहरुलाई सहयोग गर्ने वातावरण तयार गर्ने र बैशाख अन्तिम

साता पुरै महानगरपालिकालाई पूर्णखोप सुनिश्चित घोषणा सभा गर्ने गरी स्वास्थ्य महाशाखालाई तयारी गर्न निर्देशन दिने।

**निर्णय नं. ६** : स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन २०७९ तथा स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली २०८० बमोजिम स्थानीय प्रशासन सेवा प्रशासन समूह उपसचिव नवौं तहमा बढुवा बढुवा नियुक्तिका लागि सिपफारिश भई आउनु भएका हुनु अधिकृत आठौं तहका भरतराज पौडेल र कृष्ण प्रसाद तिवारीको नगरकार्यपालिकाबाट प्रत्यायोजित अधिकार अनुसार प्रमुख प्रशासकीय अधिकृतबाट भएको बढुवा नियुक्ति अनुमोदन गर्ने ।

**र्णय नं. ७** : The Project for Development of Master Plan for Wastewater Management in Pokhara Metropolitan City कार्यको कार्यान्वयन सम्बन्धमा Japan International Cooperation Agency (JAICA) द्वारा पोखरा महानगरपालिकामा रहेका विभिन्न ताल तथा खोलाहरुको Water Environment Monitoring गर्ने कार्यका लागि पेश हुन आएको Water Environment Monitoring Plan स्वीकृत गर्ने ।